CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #९०
२० ।९ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## वैदेशिक रोजगार बोर्डले कोभिड - १९ को सन्दर्भमा गरेको खर्चको सारांश

कोभिड - १९ कारण विदेशमा मृत्यु भई दाह संस्कार भएका व्यक्तिको परिवारलाई राहत स्वरुप वैदेशिक रोजगार बोर्डले थप ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने

थप आर्थिक सहयोग बापत हुन आउने रकम
**रु. १,८६,५०,०००**

२७३ शव सम्बन्धीत देशमै दाहसंस्कार गरिएको र ४७४ शव नेपाल ल्याई सम्बन्धित परिवारलाई जिम्मा लगाइएको

शव व्यवस्थापनको लागि भएको खर्च
**रु.३१,९२,९५,०००**

नेपाल ल्याइएका शव ढुवानीका लागि भएको खर्च
**रु ४९,४०,०००**

स्रोत: https://cutt.ly/VjoUtpZ

## नेपाल अपडेट



काभ्रेको मण्डनदेउपुरमा गर्भवति तथा १ वर्ष मुनिका नवजात शिशु भएका आमाहरूलाई कोरोना रोग विरुद्ध प्रतिरोधात्मक क्षमता बृद्धि गर्न पोषण युक्त खाद्य सामाग्री वितरण गरिदै ।
तस्विर: केशवराज पौडेल

### परिक्षण

पिसिआर परिक्षण: १९,५२,९०३
पोजेटिभ: २,६२,२६२
उपचाररत: ५,२८९
मृत्यु : १,८८५
सन्चो भएका : २,५५,०८८




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



प्रधानमन्त्री रोजगार कार्यक्रममा वास्तविक बेरोजगार व्यक्ति भन्दा पनि चिनेजानेकाले मात्र अवसर पाउँछन रे । सबै कुरा भित्रभित्रै मिलाउँछन् भन्छन् नी ?

यसका लागि पालिकाले  बेरोजगार सूचिकरणको विवरण, श्रमिक समुहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरण सार्वजनिक गर्नु पर्दछ र सो को सार्वजनिक परिक्षण पनि गराउनु पर्दछ । पहिलो प्राथमिकतामा सूचिकृत बेरोजगारलाई १०० दिनको रोजगारी उपलब्ध गराईसके पछि मात्र तल्लो प्राथमिकिकरणको बेरोजगारलाई रोजगारमा खटाउनु पर्दछ । यस सम्बन्धी अनियमितता भएको पाइएमा उजुरी पनि गर्न सकिन्छ ।

स्रोत: https://cutt.ly/1jo2edf



व्यवसायि पुनकर्जाको लागि मैले कहाँ सम्पर्क गर्ने ? मेरो व्यवसाय  कुन वर्गामा पर्छ मैले कसरी थाहापाउने ?

कोभिड - १९ बाट अति प्रभावित तथा मध्यम प्रभावित व्यवसायिलाई आफुले सेवा लिइरहेको "क","ख", र"ग" वर्गका बैंक तथा वित्तिय संस्थाका शाखामा पुनर्कजाको लागि निवेदन दिन राष्ट्र बैंकले सबैलाई सुचित गरेको छ । पुनकरकर्जाका लागि अति प्रभावित १० क्षेत्र र मध्यम प्रभावित १४ क्षेत्र योग्य हुनेछन् । पुनकरकर्जाका लागि योग्य व्यवसायको विस्तृत विवरण तलको लिंकमा हेर्नसक्नुहुनेछ ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/2020/12/refinance-notice.pdf



मलेसियामा काम गर्ने नेपाली कामदारको मृत्यु भएमा परिवारका सदस्यले पेन्सन पाउने नियम आएको हो ?

मलेसिया सरकारको मानव संसाधन मन्त्रालय अन्तरगत स्थापित संस्था Social Security Organization (SOCSO) मा रोजगारदाताले कामदारको तलबको १.२५ प्रतिशत मासिक रुपमा योगदान गर्दछ । यो कार्यक्रममा १ लाख २५ हजार नेपाली कामदार आवद्ध भईसकेकाछन् । यो कार्यक्रममा आवद्ध कामदारको ध्यचपष्लन ज्यगचक भित्र मृत्यु भएमा निजका आमा, बुवा, श्रीमान/श्रीमती आजिवन र २१ वर्ष पुरा नगरेका छोरनछोरीले कामदारको तलबको ९० प्रतिशत रकम मासिक रुपमा पाउनेछन् । यसमा श्रमिकको कुनै थप खर्च हुनेछैन ।

स्रोत: https://cutt.ly/VjoUtpZ



किसानले समयमा मल पाएनन् तर, सरकारले यस वर्ष सबै भन्दा बढी धान पत्पादन भयो भनिरहेको छ नी ?

हो, यस वर्ष किसानले समयमा मल पाएनन् । तर,  लकडाउनले गर्दा कामदारको सहजता हुँदा गत वर्ष भन्दा १ प्रतिशत बढी क्षेत्रफलमा धान खेती भयो । बढी क्षेत्रफलमा रोपाई हुनु र उन्नत बिउले ९५ प्रतिशत भन्दा बढी क्षेत्रफल ढाकेको हुनाले यो वर्ष धानको उत्पादन बढेको कृषि तथा पशुपन्छी मन्त्रालयको तथ्यांकले देखाउँछ ।

स्रोत: https://cutt.ly/Vjp3yAr

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्






**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट

**३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,६३,०६१ संक्रमित | १,५१,३४३ संक्रमित | ९३,४७८ संक्रमित | १,४४,४३७ संक्रमित | २,१३,२३१ संक्रमित | १,२९,४०४ संक्रमित | १,१९,०७७ संक्रमित | ६४,२६४ संक्रमित |
| ५,८०० नेपाली संक्रमित | २,३५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २८,२५० नेपाली संक्रमित | ५,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | २१०० नेपाली संक्रमित | २९ नेपाली संक्रमित |
| ८८ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

## साउदीमा नाका खुला, ओमानमा कोरोना खोप र युएईमा टोल गेट सम्बन्धी जानकारी

### साउदी अरब



- साउदी अरबले गत डिसेम्बर ३० तारिख देखी बन्द गरेका आफ्ना सबै नाका (हवाई, जमिन र सामुन्द्रिक) खुल्ला गरेको छ । तर, यो सँगै कोभिड - १९ सँग सम्बन्धित कुराहरुमा केही परिवर्तन गरेको छ ।
- कोरोना भाईरसको नयाँ प्रभाव भएको देशबाट साउदी अरब आउने यात्रुले १४ दिन अनिवार्य होम क्वारेन्टाईनमा बस्नु पर्नेछ ।



### ओमान

ओमानमा कोरोना भाईरस बिरुद्धको खोप लगाउन सुरु गरिएको छ । ओमानको स्वास्थ्य मन्त्रालयका अनुसार अहिलेसम्म यो खोप लगाउने कसैलाई पनि कुनै साईड ईफेक्ट देखिएको छैन ।

### युएई

आबुधाबीमा नयाँ टोल गेट सुरु भएको छ । बिभिन्न ठाउँमा राखिएको टोल गेट बाटो हुँदै आबुधाबी जाने क्रममा ४ दिरहाम शुल्क लाग्दछ । तर, शुक्रबार र शनिबार भने यो शुल्क लाग्दैन । टोलको लागि त्यो बाटो हुँदै यात्रा गर्ने आफ्नो साधनलाई रजिस्टर गर्नु पर्दछ । रजिस्टर गर्नको लागि यो लिंक प्रयोग गर्न सकिनेछ: http://darb.itc.gov.ae साथै, DARB मोबाईल एप्लिकेसन डाउनलोड गरेर पनि आफ्नो साधन रजिस्टर गर्न सकिन्छ । रजिस्ट्रेसन शुल्क १०० दिरहाम लाग्छ । यस मध्ये ५० दिरहाम टोलमा प्रयोग हुन्छ । ६० वर्ष भन्दा बढी उमेर र कम आय भएका आफ्ना नागरीकलाई भने टोलमा छुट हुनेछ ।



**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

अन्य
रु. १,२४,७३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## सिम्ता गाउँपालिका, सुर्खेतले २०७७ असार मसान्त सम्म कोभिड - १९ सँग सम्बन्धित गरेको आमदानी र खर्चको विवरण




गैर सरकारी संघसंस्था तथा व्यक्तिगत सहयोग
रु. १६,५७,०९१

संघिय सरकारको तर्फबाट
रु. ३०,६६,५००

प्रदेश सरकारको तर्फबाट
रु. २,४९,०००

गाँउपालिकाबाट
रु. ८४,८०,०००

## खर्च




खाना तथा खाजा
रु. १३,२१,४३१

भौतिक संरचना निर्माण
रु. ४,११,९४५

स्वास्थ्य उपकरण
रु. २६,५१,३६५

औषधी
रु. ३२,७२,६८४

सिम्ता गाउँपालिका, सुर्खेतले २०७७ असार मसान्त सम्म कोभिड - १९ मा गरेको खर्च र आमदानीको विवरण सार्वजनिक गरेको छ । गाउँपालिकाले गरेको जम्मा आमदानी र खर्चको सार्वजनिकिकरणलाई हेर्ने हो भने, नागरिकको विश्वास जित्न गरेको उसको प्रयासलाई सकारात्मक भन्न मिल्छ । तर, खर्च शिर्षकहरु स्पष्ट नहुनुले भने विश्लेषण गर्न कठिन देखिन्छ । धेरै जस्तो खर्च स्वास्थ्य उपकरण र औषधीमा भएको छ, जसलाई स्रोतको राम्रो उपयोग मान्न सकिन्छ । १ करोड ३४ लाख रकम मध्ये असार मसान्त सम्म ७५ लाख मात्र खर्च भएको छ । त्यसैले, अब आ.व. २०७७/७८ मा बाँकी रकम कसरी र कहाँ खर्च हुन्छ भनेर स्पष्ट रुपमा सार्वजनिक गर्न जरुरी छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# वैदेशिक रोजगारीले सावित्रीको सर्वस्व खोस्यो



कोहोलपुर नगरपालिका वडा नं.१२ की सावित्री महराको सानैमा बौद्धिक अपांगताका कारण सुन्ने क्षमतामा ह्रास आयो । निकै कम सुन्ने हुँदा बाह्य समाजमा खासै नभिजेकी सावित्री सामान्य लेखसम्म गर्न सक्दैनन् । बैवाहिक जीवनमा बाँधिए पश्चात उनको जीवन कहिले पिडा त कहिले खुशीमा बित्यो । जे जस्तो भए पनि उनलाई श्रीमानसँग रहँदा जिन्दगीका अप्ठ्याराहरू सामान्य जस्तै लाग्थे । दुई छोरी हुर्किँदै थिए, छोरा पेटमा थियो । त्यही समय वैदेशिक रोजगारिमा गएका श्रीमानको सडक दुर्घटनामा परि मृत्यु भएको खबर सुन्नु पऱ्यो । यसले उनको जीवनमा पीडासँगै जिम्मेवारी पनि थपियो ।

तीन सन्तान पाल्नुपर्ने जिम्मेवारी अब उनले एक्लै वहन गर्नुपर्ने भयो । के गर्ने र कसो गर्ने भनेर सोच्दै थिइन । मामा नाता पर्ने एक जनाले उनलाई पनि वैदेशिक रोजगारीमा जान सुझाव दिए । अरु विकल्प थिएन । उनी अवैधानिक मार्गबाट भारत हुँदै घरेलु कामदारको रुपमा काम गर्न कुवेत गईन । बौद्धिक अपांगताका कारण  कामको शिलशिलामा उनले कैयौं पटक दुर्व्यवहार भोगिन । जसोतसो ३ वर्ष कुवेतमा काटेर स्वदेश फर्किएकी सावित्रीलाई फेरी विदेश जान मन थिएन, तर बाध्यताले फेरी उनै मामाको सहयोगमा दास्रो पटक कुवेत जाने भईन । यसपटक भने उनले १ वर्ष कुवेती साहुको साउदीमा रहेकी दिदिकोमा काम गर्नुपऱ्यो ।

यस पटक अवस्था पहिलो पटकको जस्तो सजिलो भएन । कयौं पटक भौतिक तथा मानसिक हिंसाको सिकार त उनी भइसकेकी थिइन, त्यसमाथी लामो समय सम्म काम गरेको तलब पनि नपाएको र ज्यानको पनि असुरक्षा हुने ठानेर उनी लुकिछिपि त्यहाँ रहेका नेपालीको सम्पर्क आउन थालिन् । उनले आफु जस्तै गैरकानुनी तरिकाले बस्दै गरेका नेपालीलाई भेटिन र त्यहाँबाट अन्यत्रै सरिन । केही समय लुकेरै काम गरिरहेकी उनी त्यहाँ अवस्थित नेपाली दुतावासको सहयोगमा नेपाल फर्कन सफल भईन ।

नेपाल फर्केपछि आर्थिक समस्या भोग्नुपर्छ भन्ने उनलाई राम्ररी थाहा थियो । तर, यस पटक भने उनले वैदेशिक रोजगारीमा नजाने प्रण नै गरेकी थिइन् । किन भने वैदेशिक रोजगारीले उनको सर्वस्व खोस्यो । अहिले उनी गाउँमा जहाँ काम पाउँछिन त्यही गएर काम गर्छिन् । स्थानीय सरकारले बेरोजगारलाई रोजगारी दिन ल्याएको कार्यक्रम कसको लागि हो, उनलाई केही थाहा छैन । अबको उनको योजना भनेको थौरै पैसा जोगाउने र बाटोमा ठेला राखेर म:म चाउमिन बेच्ने रहेको छ ।

सही
सूचना

# नेपालमा १०० भन्दा बढी कोभिड - १९ का संक्रमित भएका जिल्लाहरु




माथिको ग्राफमा १०० भन्दा बढी कोभिड - १९ का संक्रमित भएका जिल्लाहरूलाई देखाईएका् छ । अहिले जम्मा ९ जिल्लामा १०० भन्दा बढी कोभिड - १९ का संक्रमितहरू रहेकाछन् । संख्याको हिसाबले काठमाण्डौ जिल्लामा मात्र अन्य ८ जिल्लाको समग्र संत्रमितको संख्या भन्दा बढी रहेकोछ । अहिलेको अवस्था हेर्ने हो भने, नेपालमा कोभिड - १९ का संक्रमितको संख्या तुलनात्मक रुपमा केही थोरै देखिन्छ । यद्यपी, काठमाण्डौमा भने लामो समय देखी संक्रमितको संख्या उच्च रहँदै आएकोले, जोखिमको दोस्रो चरणमा प्रवेश गर्छकी भन्ने डर अझै बाँकी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by
**Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219